



सिद्धार्थ बैंकको साधारणसभाबाट २० प्रतिशत लाभांश पारित

काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेडको २५औं वार्षिक साधारणसभा बुधवार काठमाडौंमा सम्पन्न भएको छ। बैंकका सञ्चालक समिति अध्यक्ष राहुल अग्रवालको अध्यक्षतामा सम्पन्न साधारणसभाले कुल २० प्रतिशत लाभांश वितरणको प्रस्ताव पारित गरेको छ। चुक्तापुँजीको १० प्रतिशत अर्थात् एक अर्ब ४७ करोड ९४ लाख ४७ हजारबराबरको नगद लाभांश (कर प्रयोजनसहित) तथा तथा सोही रकमबराबरको बोनस सेयर वितरण प्रस्ताव पारित गरिएको हो।

साथै, सभाले अविमोच्य असञ्चित अग्राधिकार सेयरतर्फ करसहित ८.२५ प्रतिशतका दरले हुन आउने १० करोड ७५ लाख ८९ हजार रुपैयाँ अग्राधिकार सेयर बाँडफाँट भएको मितिदेखि आषाढ मसान्तसम्मका लागि समानुपातिक रूपमा वितरण गर्ने प्रस्तावसमेत पारित गरेको छ। त्यसैगरी, सभाले गत आव ०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनसहितका वित्तीय विवरण, स्वपुँजीमा भएको परिवर्तनको विवरण अनुमोदन भएको छ।

सिटिजन्स बैंकको साधारणसभाबाट ६२ करोड लाभांश अनुमोदन

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको साधारणसभाबाट गत आर्थिक वर्षको नाफाबाट सेयरधनीलाई वितरण गर्ने प्रस्ताव गरिएबमोजिम ६२ करोड रुपैयाँभन्दा बढी लाभांश पारित गरेको छ। बैंकको बुधबार सम्पन्न २०औं वार्षिक साधारणसभाले गत आवका लागि चुक्तापुँजीको ३.८० प्रतिशत अर्थात् ५८ करोड ९२ लाख ८३ हजार रुपैयाँभन्दा बढीको बोनस सेयर र कर प्रयोजनका लागि ०.२० प्रतिशत अर्थात् तीन करोड १० लाख १४ हजार रुपैयाँ गरी कुल ६२ करोड दुई लाख ९८ हजार रुपैयाँबराबरको लाभांश पारित गरेको हो। असार मसान्तसम्म बैंकको चुक्तापुँजी १५ अर्ब ५० करोड ७४ लाख ६३ हजार छ। बैंकले आव ०६५/६६ बाट लगातार लाभांश वितरण गर्दै आएको छ। बैंकको २० वर्षको औसत लाभांश १०.०८ प्रतिशत रहेको बताइएको छ।

साधारणसभा बैंक सञ्चालक समितिका अध्यक्ष प्रबलजंग पाण्डेको अध्यक्षतामा भएको थियो। सो सभाले गत आवको सञ्चालक समितिको वार्षिक प्रतिवेदनसहित लेखापरीक्षकको प्रतिवेदन, गत असार मसान्तसम्मको नाफा नोक्सानीको हिसाब तथा नगदप्रवाह विवरणलगायतका एकीकृत वित्तीय विवरण छलफल गरी स्वीकृत गरेको छ।

अध्यक्ष पाण्डेले भविष्यमा बैंकले अझ बढी प्रगति हासिल गर्ने बताए। उनले संस्थागत सुशासन तथा अनुपालनाको स्तरलाई बैंकले सधैं महत्त्व दिँदै बताउँदै आगामी दिनमा समग्र बैंकको संस्थागत सुशासन तथा अनुपालनाको अवस्थालाई थप सबल तथा सुदृढ बनाउँदै आने प्रतिबद्ध जनाए।

लक्ष्मी सनराइज बैंकको सिइओमा भट्टराई

काठमाडौं/ लक्ष्मी सनराइज बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा सुमेद भट्टराई नियुक्त भएका छन्। सुमेदलाई मंगलबार बसेको सञ्चालक समितिको बैंकले १५ कात्तिकबाट लागू हुने गरी सिइओमा नियुक्त गरेको हो। यसअघि उनी सोही संस्थामा वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्यरत थिए। हालका सिइओ अजयविक्रम शाहको दोस्रो कार्यकाल पूरा हुनलागेसँगै बैंकले आन्तरिक व्यवस्थापनबाटै नयाँ नेतृत्व चयन गरेको हो। भट्टराई सन् २००२ देखि लक्ष्मी सनराइज बैंकमा आबद्ध छन्। व्यवस्थापनमा स्नातकोत्तर गरेका भट्टराईसँग बैंकिङ क्षेत्रको लामो अनुभव छ।

मुक्तिनाथ विकास बैंक तीन विधामा सम्मानित

काठमाडौं/ मुक्तिनाथ विकास बैंक लिमिटेड तीन विधामा सम्मानित भएको छ। बैंकले फोनपेद्वारा आयोजित फोनपे अनर्स कार्यक्रममा विकास बैंक समूहअन्तर्गत बैंक 'हाइएस्ट फोनपे डिरेक्ट भोलुम इस्युअर', 'हाइएस्ट फोनपे क्युआर भोलुम इस्युअर' र हाइएस्ट फोनपे क्युआर अक्वारर' विधामा अवार्ड प्राप्त गरेको हो। बैंकको मोबाइल एपबाट सबैभन्दा धेरै संख्यामा रकमान्तर, सबैभन्दा धेरै क्युआरमा भुक्तानी तथा क्युआर मर्चेन्टमार्फत सबैभन्दा धेरै कारोबार प्राप्त गरेका आधारमा बैंकलाई यी अवार्ड दिइएको हो। डिजिटल भुक्तानी सेवाको प्रवर्द्धन तथा विस्तारमा बैंकले पुऱ्याएको योगदानको कदरस्वरूप प्राप्त यी अवार्डले बैंकको डिजिटल बैंकिङ सेवाप्रतिको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने बैंकको भनाइ छ। यस उपलब्धिले बैंकलाई आगामी दिनमा अझ सहज, सुरक्षित तथा प्रभावकारी डिजिटल बैंकिङ सेवा प्रदान गर्न थप प्रेरणा मिल्ने विश्वास बैंकले लिएको छ।

सवारी साधन बिक्रि/लिलामी बारे सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/२९

यस संस्थाको नाममा रहेको च्यासिस नं. MAT263559MKB10374 इन्जिन नम्बर DREVTRNO8ByXM48155, ११९९ सि.सि. २०२१ साल, प्रदेश ३, ०१ ०२४ च ८९१२ नम्बरको TIAGO कार, च्यासिस नं. MDZABCYOJPKD4393 इन्जिन नम्बर DHYRJK77268 बा. ९३ प. १३२ मोटरसाइकल र इलेक्ट्रिक स्कुटर खरिद गर्न इच्छुक महानुभावहरूले १५ दिनभित्र गोप्य निवेदन यस कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ। साथै आएका निवेदनहरू मध्ये सबैभन्दा बढी रकममा लिन इच्छुक व्यक्तिलाई प्रक्रिया पुरा गरि नामसारी गरिने पनि यसैद्वारा अवगत गर्दछौं।

एमएसआर बहुउद्देश्यीय सहकारी संस्था लि.
ललितपुर, १४ ढोलाहिटी, ललितपुर, सम्पर्क नं. ९८४१६६४७०० र ९८०१२२२६४१

कोकाकोलाको 'भरौं खुसी' अभियान

काठमाडौं/ कोकाकोलाले 'भरौं खुसी' दसैं अभियान सञ्चालनमा ल्याएको छ। यस अभियानले दसैंको खुसीलाई थप विशेष बनाउनुका साथै घर फर्किने यात्रालाई सहज बनाउन सहयोग गर्ने कम्पनीको भनाइ छ।

अभियानमा उपभोक्ताले हवाई तथा बसको टिकट जित्ने अवसर पाउनेछन्। यसमा सहभागी हुन ग्राहकले दसैं विशेष २.२५ लिटर र १.५ लिटर कोक, स्प्राइट र फेन्टाको पेट बोटलमा उपलब्ध क्युआर कोड स्क्यान गर्नुपर्नेछ। त्यसपछि वेबसाइटमार्फत रजिस्टर गर्नुपर्नेछ।

'अभियान सुरु भएदेखि सयौं सहभागीहरू फ्लाइट र बस टिकट भौचर विजेताका रूपमा छनोट भइसकेका छन्,' कम्पनीले भनेको छ, 'अझ धेरैका लागि पनि यसमा सहभागी हुने, टिकट जित्ने र आफ्ना परिवारसँग दसैं मनाउन घर जाने अवसर अझै बाँकी छ।' [illegible] कात्तिकसम्म जारी रहने बताइएको छ।

माछापुच्छ्रे बैंकको ६ प्रतिशत लाभांश पारित

काठमाडौं/ माछापुच्छ्रे बैंक लिमिटेडको २८औं वार्षिक साधारणसभा बुधवार सम्पन्न भएको छ। साधारणसभाले गत आर्थिक वर्ष ०८२/८३ को खुद मुनाफाबाट सेयरधनीलाई चुक्तापुँजीको ६ प्रतिशत लाभांश (करसहित) वितरण गर्ने प्रस्ताव पारित गरेको छ। जसमध्ये, तीन प्रतिशत नगद र तीन प्रतिशत बोनस सेयर छ।

त्यसैगरी, सभाले बैंकको संस्थापक सेयरधनीका तर्फबाट रोशन केसी, मुकुन्द महत तथा कृति महतोलाई निर्विरोध निर्वाचित गरेको छ भने सर्वसाधारण सेयरधनीका तर्फबाट विश्वप्रकाश गौतमलाई निर्विरोध निर्वाचित गरेको छ। बुधबार नै बसेको बैंक सञ्चालक समिति बैठकले केसीलाई अध्यक्ष पदमा आगामी चार वर्षका लागि पुनः नियुक्ति गर्ने निर्णय गरेको छ। सभाले बैंकको गत आवको वार्षिक प्रतिवेदन पारित पनि गरेको छ।

बोनस सेयर वितरणपश्चात् बैंकको चुक्तापुँजी १२ अर्ब ४५ करोड पुग्नेछ भने अग्राधिकार सेयरसहित चुक्तापुँजी १५ अर्ब ४५ करोड पुग्नेछ। बैंकले गत आर्थिक वर्षमा एक अर्ब ९५ करोड खुद नाफा आर्जन गरी प्रतिसेयर आम्दानी १६.१७ रुपैयाँ कायम रहेको थियो।

महालक्ष्मी विकास बैंक र केटिएम सिटीबिच सम्झौता

काठमाडौं/ महालक्ष्मी विकास बैंकका ग्राहकले केटिएम सिटीबाट सामान खरिद गर्दा विशेष छुट पाउने भएका छन्। बैंकले स्वास्थ्य क्षेत्र, रेस्टुरेन्ट, सेवा क्षेत्रलगायतका संस्थासँगको समन्वयपछि फेसन तथा लाइफस्टाइल कम्पनीसँग पनि सहकार्य गरेको छ। बैंकका ग्राहकलाई छुट प्रदान गर्ने सम्बन्धमा बैंक र केटिएम सिटीबिच सम्झौता भएको हो। सम्झौताअन्तर्गत बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ताले केटिएम सिटीका १७ वटै आउटलेटमा कपडा खरिद गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्।

कुमारी बैंकको लाभांश पारित

काठमाडौं/ कुमारी बैंक लिमिटेडको २६औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। बुधबार सम्पन्न वार्षिक साधारणसभाबाट आर्थिक वर्ष ०८२/८३ को नाफाबाट सेयरधनीका लागि प्रस्तावित कर प्रयोजनसहित २.१०५३ प्रतिशत नगद लाभांश पारित भएको हो। साथै, गत आवको सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदनसहित गत असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाबलगायतका वित्तीय विवरण पारित भएका छन्।

माउन्ट एभरेस्टका उत्पादन बजारमा

काठमाडौं/ माउन्ट एभरेस्ट डिस्टिलरीले दुई उत्पादन बजारमा ल्याएको छ। कम्पनीले प्रिमियम सेग्मेन्टअन्तर्गत माउन्ट गोल्ड-२५ युपी प्रिमियम ह्विस्की र ब्ल्याक पर्ल-३० युपी प्रिमियम भोड्का बजारमा ल्याएको हो। माउन्ट गोल्ड ७५०, ३७५ र १८० एमएल प्याकमा उपलब्ध हुने बताइएको छ। यसको मूल्य क्रमशः तीन हजार, १५ सय र ७५० रुपैयाँ तोकिएको छ। त्यसैगरी, ब्ल्याक पर्लको क्रमशः २४ सय, १२ सय र पाँच सयमा उपलब्ध हुनेछ।

आठौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/६/२९

यहि मिति २०८३/०६/२८ गते बसेको संचालक समितिको ११४औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

साधारणसभा हुने मिति, समय र स्थान :

सभा हुने मिति : २०८३ साल मंसिर ०४ गते शुक्रवार (तदनुसार २० नोभेम्बर, २०२६)
सभा हुने समय : बिहान १० बजे
सभा हुने स्थान : होटल सेन्ट्रल प्लाजा कोहलपुर, बाँके।

वार्षिक साधारणसभाको छलफलका विषयहरु :

क) सामान्य प्रस्तावहरू

१) आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) आ.व.२०८२/०८३ लेखा परिक्षण प्रतिवेदन, वासलात तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरू (मिति २०८३ असाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूची हरू) समेत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा।
३) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.२०८३/२०८४ को लेखापरिक्षण कार्यको लागी लेखापरिक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४) संस्थापक समुहबाट सञ्चालक २ जना निर्वाचन गरि नियुक्त गर्ने सम्बन्धमा।
५) सर्वसाधारण समुहबाट संचालक २ जना निर्वाचन गरि नियुक्त गर्ने सम्बन्धमा।

ख) विशेष प्रस्तावहरू

१. संस्थाले अन्य लघुवित्त संस्थाहरू गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्बन्धि प्रक्रिया अगाडी बढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।
२. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन (Due diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरि निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्बन्धि समझदारी पत्रमा (Memorandum of Understanding) तर्जुमा गर्ने र सो सम्बन्धि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।
वित्तीय संस्थाले प्रवन्धपत्र तथा नियमावलि संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरूबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलि संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

(ग) विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारणसभा सम्बन्धी थप जानकारी

१. आठौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३/०७/१९ गते १ दिनका लागि वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ। साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०७/१८ सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईसी एसिया क्यापिटल लिमिटेड, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र उक्त सभामा भाग लिन पाउने छन्।
२. शेयरधनीहरूको हाजिरीको लागि सभा स्थलमा बिहान ९.०० बजे बाट नै हाजिरी पुस्तिका खुल्ला रहनेछ।
३. शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने आधिकारिक परिचयपत्र तथा साधारणसभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ। सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभाकक्षमा उपस्थित भै दिनुहुन समेत शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ।
४. नाबालक शेयरधनीहरूको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन्। शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।
५. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरूको हकमा शेयरधनीहरूको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरधनीहरूको सर्वसम्मतिबाट आफूहरू मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछन्।
६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन पाउनेछ।
७. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले वित्तीय संस्थाको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कोहलपुर ११, बाँकेमा बुझाई सक्नु पर्नेछ। प्रोक्सी फारम यस वित्तीय संस्थाको Website बाट Download गर्न सकिने छ।
८. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी वित्तीय संस्थामा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पुग्नु पर्नेछ र नयाँ प्रोक्सीको हकमा नियम (५) मा लेखिए बमोजिम हुनेछ।
९. शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ति सबैभन्दा पहिले प्राप्त भएको हो माथि (६) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ र सभामा सम्बन्धित शेयरधनी आफैं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वत: बदर हुनेछ।
१०. छलफलको विषय अन्तरगत विविध शिर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरूले कुनै विषय उपर छलफल गर्न चाहेमा सो विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ। सो जानकारी नदिएको विषय उपर प्रश्न गर्न पाइनेछैन।
११. साधारण सभा सम्बन्धमा केहि थप जानकारी आवश्यक परेमा वा वार्षिक प्रतिवेदन प्राप्त नभएमा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०८१-५४२०५३ मा सम्पर्क गर्नुहुन वा स्वयं उपस्थित भै जानकारी लिन सकिने छ।

सञ्चालक समितिको निर्देशन अनुसार

उपकार लघुवित्त वित्तीय संस्था लि.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
केन्द्रीय कार्यालय : कोहलपुर, ११, बाँके, फोन नं. : ०८१-५४२०५३
इमेल : upakar.banke1@gmail.com

---

arrow Pharmaceuticals Limited
एरो फर्मास्यूटिकल्स लिमिटेड
को

तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०६/१० गते)
(दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/२९ गते)

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८३/०५/०६ गते बसेको बैठकले कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध छ।

साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८३ साल कार्तिक १४ गते, शनिबार (तदनुसार अक्टोबर ३१, २०२६)।
समय : बिहान ११:०० बजे।
स्थान : होटल एसी प्यागोडा, कान्तिपथ, जमल, काठमाण्डौ।

छलफलका विषयहरु :

(क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने कम्पनीको तेस्रो वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. कम्पनीको बाह्य लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०८२/०८३ को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम आ.व. २०८३/०८४ को लेखापरीक्षण कार्यको लागि बाह्य लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. सञ्चालक समितिमा रिक्त रहेको पदसंख्या-१ को लागि सञ्चालक मनोनित/नियुक्ती गर्ने सम्बन्धमा।

(ख) विविध :

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

रङ्गीन बाल पुस्तक तथा शैक्षिक सामग्री मुद्रण सम्बन्धी बोलपत्र आव्हान

प्रथम पटक प्रकाशित मिति : २०८३ असोज २९ गते

रुम टु रिडको आर्थिक तथा प्राविधिक सहयोगमा **'पढ्नको लागि कोठा'** ले रङ्गीन बाल पुस्तक तथा अन्य शैक्षिक सामग्री मुद्रण गर्नुपर्ने भएकोले भ्याटमा दर्ता भएका, चार कलरको छपाई मेसिन तथा अन्य छपाई सम्बन्धी आवश्यक उपकरण साथै **३ वर्षको कार्य अनुभव** भएका छापाखानाहरूबाट रितपूर्वकको बोलपत्र आव्हान गरिन्छ। बोलपत्र फाराम प्राप्त गर्नको लागि ईच्छुक छापाखानाहरूले आफ्नो कार्यालयको लेटर प्याडमा निवेदन सहितको कागजातहरू संलग्न गरी (जसमा कम्पनी दर्ता/नविकरण प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र, पछिल्लो २ आर्थिक वर्षको २०८०/०८१ र २०८१/०८२ कर चुक्ता प्रमाण पत्र सहित संक्षिप्त कम्पनी प्रोफाईल जसमा छापाखानामा प्रयोग हुने उपकरणहरूको विवरण उल्लेख भएको) तल उल्लेखित ईमेल ठेगानामा पत्राचार गरी वा कार्यालय समयमा कार्यालयमा आएर बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ।

- **बोलपत्र फाराम प्राप्त गर्ने मिति र समय** : २०८३।०६।२९ देखि २०८३।०७।१८ गते ०९:०० बजे देखि ५:०० बजे सम्म (सोमवार देखि शुक्रवार सम्म, सार्वजनीक विदाको दिन बाहेक)।
- **बोलपत्र फाराम बुझाउने मिति** : २०८३।०७।१९ गते १०:०० बजे देखि १२:०० बजे सम्म आवश्यक सबै कागजपत्र समावेश गरी यस कार्यालयबाट प्राप्त हुने बोलपत्रको फाराम भरी तलको ठेगानामा बुझाउनु पर्नेछ। बोलपत्र साथ बोलपत्र सुरक्षण जमानत बापत जम्मा कबोल अङ्कको २.५% प्रतिशतले हुन आउने रकमको सुरक्षण धरौटी (Security Deposit) कुनै पनि "क" वर्गको बैंकबाट 'पढ्नको लागि कोठा' को नाममा जारी भएको (बोलपत्र पेस गर्ने अन्तिम दिनबाट ९० दिनको म्याद भएको) जमानतको सक्कल प्रति बोलपत्र साथ पेस गर्नु पर्नेछ।
- **बोलपत्र खोल्ने मिति र समय** : पेस भएका बोलपत्रहरू २०८३।०७।१९ गते दिउँसो १:०० बजे कम्पनीका आधिकारीक प्रतिनिधिहरूको रोहवरमा यस संस्थाको कार्यालयमा खोलिनेछ। उक्त समयमा बोलपत्र पेस गर्ने आधिकारिक प्रतिनिधिहरू उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। कुनै कारणवस बोलपत्र खोल्ने दिनमा सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही समयमा नै बोलपत्र खोलिने छ।

नोट : बोलपत्र सम्बन्धी सम्पूर्ण जानकारी बोलपत्रको कागजातमा नै उल्लेख गरिएको छ। म्याद नाघी आएका बोलपत्रहरू माथि कुनै कारवाही हुने छैन। कुनै पनि कारण जनाई वा नजनाई पूर्ण वा आंशिकरुपमा प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

पढ्नको लागि कोठा
पढ्नको लागि कोठा,
धापासी काठमाण्डौं, फोन: ०१-४१०२०५८, ईमेल: info@plk.org.np

सूचना! सूचना!! सूचना !!!

जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंको मिति २०८३/०६/२६ गतेको पत्र संख्या ०८३/८४ को च.नं. २८० निर्देशन बमोजिम अखिल नेपाल हिमाली बौद्ध संघको मिति २०८३/०६/२७ गतेको बैठकको निर्णय अनुसार सदस्यता नविकरण तथा सदस्यता प्राप्तिको लागि १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ब्यहोरा सरोकारवाला सबैमा जानकारी गर्दछ।

अखिल नेपाल हिमाली बौद्ध संघ
गो.न.पा.-६, काठमाडौं

NIBL MUTUAL FUND
एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित

एनआईबिएल सहभागिता फण्ड

(नेपाल धितोपत्र बोर्डबाट [illegible] मा योजना संचालन अनुमति प्राप्त)

सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ८२ उपनियम २ को व्यवस्था बमोजिम आ.व. २०८२/८३ को लेखापरीक्षण भएको संक्षिप्त वित्तीय विवरण

वासलात

विवरण	२०८२ आषाढ मसान्त मूल्य (रु.)	२०८१ आषाढ मसान्त मूल्य (रु.)
सम्पत्ति:		
चालु सम्पत्ति		
नगद तथा बैंक मौज्दात	१,०७९,८८१,२२३	९,१४२,६५६,८३०
अन्य चालु सम्पत्ति	२६०,००२,३६८	५११,१२७,०५०
डिबेन्चर तथा मुद्दती निक्षेपमा लगानी	२५०,८११,७०४	३६३,१२६,४१८
वित्तीय सम्पत्ति	९,२८०,९६१,६११	५,२८२,४२३,७००
जम्मा सम्पत्ति	१०,७९८,५५१,३९४	८,१८६,४४१,२९८
दायित्व:		
चालु दायित्व तथा व्यवस्थाहरू	७४१,५१९,८८४	१,३१३,१२०,५०९
जम्मा दायित्व	७४१,४१९,८८४	१,३१३,१२०,५०९
इकाईधनीको कोष:		
इकाईधनीहरूको खुद सम्पत्ति	१०,०५६,११०,५१०	६,८७३,०२२,८८९
जम्मा	१०,७९८,५५१,३९४	८,१८६,४४१,२९८
कायम रहेको इकाई संख्या	९९८,२७४,२९६	५९९,१४८,९४२
प्रति इकाई खुद सम्पत्ति मूल्य	१०.०३	११.४२

नाफा वा नोक्सान तथा अन्य विस्तृत आम्दानीको विवरण

विवरण	२०८२ आषाढ मसान्त मूल्य (रु.)	२०८१ आषाढ मसान्त मूल्य (रु.)
आम्दानी		
ब्याज आम्दानी	८८,७३१,२३२	६७,८४४,२१३
लाभांश आम्दानी	७३,५०३,८०५	३१,६८०,४९४
सूचीकृत तथा असूचीकृत शेयरबाट प्राप्त भइसकेको र भइनसकेको आम्दानी / (घाटा)	(५०३,७५२,५९३)	३९५,०३०,७२०
इकाई पुनर्खरिद शुल्क बापत आम्दानी	३२१,०५९	१,०५६,८२६
प्रत्याभूति शुल्क बापत आम्दानी	२,०९५,२७५	८००,०००
अन्य आम्दानी	१,०२५	१,११८
जम्मा आम्दानी	(३३९,७०२,४४०)	४९६,७१६,४८२
खर्च		
योजना व्यवस्थापक शुल्क	१३३,८६६,४०१	७१,००८,६८१
डिपोजिटरी शुल्क	१८,९१८,२५१	११,३६१,७८१
कोष सुपरीवेक्षक शुल्क	१०,९३०,८९०	६,८१६,८१४
सूचना तथा प्रकाशन खर्च	३६१,२५२	४१८,७१०
सूचीकरण शुल्क	२,१००,०००	१,५००,०००
लेखापरीक्षण शुल्क	३३१,०००	३११,०००
अभौतिकरण शुल्क	१३०,०००	१,३०,०००
अन्य खर्चहरू	२१३,३११	२५१,२४८
जम्मा खर्च	१६६,८०८,३६६	९३,०२८,३५५
खुद लाभ/(घाटा)	(५०६,५१०,८०६)	४०३,६८८,१२७
अन्य विस्तृत आम्दानी	-	-
खुद नाफा/नोक्सान	(५०६,५१०,८०६)	४०३,६८८,१२७

नोट: सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले आवश्यक परेको मूल्याङ्कन नीति बमोजिम योजनाको लेखाको मूल्याङ्कन गरिएको छ।

कोष प्रवर्द्धक
NIMB
नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड
[illegible]

योजना व्यवस्थापक
NIMB ACE CAPITAL LIMITED
एनआइएमबी एस क्यापिटल लिमिटेड
[illegible]